खण्ड ९ सुनछहरी, कातिक २१ गते, २०८२ साल संख्या ८

# सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९ सुनछहरी, कातिक २१ गते, २०८२ साल संख्या ८

## भाग-२

## सुनछहरी गाउँपालिकाको उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम कार्यविधि, २०८२

प्रमाणिकरण मितिः २०८२/०७/२०

प्रकाशन मितिः २०८२/०७/२१

**प्रस्तावना :-**

विभिन्न स्रोत, श्रृजना र सीपको प्रयोग गरी उद्यम गरिरहेका उत्कृष्ट उद्यमीको छनौट गरी सम्मान प्रदान गर्ने कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शि बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार संचालन सम्बन्धि ऐन, २०७४ बमोजिम सुनछहरी गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय रोल्पा बाट उत्कृष्ठ उद्यमी सम्मान कार्यक्रम कार्यविधि, २०८२ स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "उत्कृष्ठ उद्यमी सम्मान कार्यक्रम कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय तहबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"उद्यमी" भन्नाले विभिन्न स्रोत साधन, सीप र श्रृजनाको प्रयोग गरी व्यापार व्यवसाय, उद्योग सञ्चालन गरिरहेका र अन्य श्रमिकलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिरहेका व्यक्तिलाई सम्झनुपर्छ।

(ख)"कार्यालय" भन्नाले स्थानीय तह अन्तर्गत सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ग) "छनौट समिति" भन्नाले दफा ७ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(घ) "स्थानीय तह" भन्नाले सुनछहरी गाउँपालिका, रोल्पालाई सम्झनुपर्छ ।

(ङ) “अध्यक्ष” भन्नाले स्थानीय तह वा सुनछहरी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) “आर्थिक विकास समिति” भन्नाले स्थानीय तहको आर्थिक विकास समिति सम्झनुपर्छ ।

(ज) "शाखा/निकाय" भन्नाले सुछहरी गाउँपालिकाको उद्यम विकास शाखा वा स्थानीय आर्थिक विकास शाखा वा स्थानीय तहमा उद्यमी/उद्यम उत्पादन तथा प्रबर्द्धन गर्न सहजिकरण गर्ने शाखालाई सम्झनुपर्छ ।

(झ) "लक्षित बर्ग समुह" भन्नाले दलित, आदिवासी जनजाति, सीमान्तकृत, महिला, अपाङ्गता र द्धन्द पिडित भएका उद्यमी समेतलाई सम्झनुपर्छ ।

(ञ) "सम्मान" भन्नाले उत्कृष्ट उद्यमीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने नगद पुरस्कार वा मेशिन तथा प्रविधि सहितको सम्मान पत्र वा प्रशंसा पत्र समेतलाई सम्झनुपर्छ ।

(ट) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाईएको व्यक्तिलाई सम्झनुपर्छ ।

३. **उद्देश्य :**

(१) यस कार्यविधि बमोजिम प्रदान गरिने सम्मानको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरणमा योगदान पुर्याएका उद्यमीलाई प्रोत्साहन गर्ने ।

(ख) देशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने ।

(ग) उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल र प्रतिष्पर्धी बन्न अभिप्रेरित गर्ने ।

(घ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न र,

(ङ) उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने ।

४. **छनौट तथा मूल्याङ्कनका आधारहरु :** (१) उत्कृष्ट उद्यमी छनौट गर्दा अनुसूची - १ बमोजिमको मूल्याङ्कनको आधारमा लिइनेछ । उक्त मूल्याङ्कनका आधारमा उच्चतम् अंक प्राप्त गर्नेलाई योग्यताक्रमका आधारमा छनौट गरिनेछ ।

(२) सुनछहरी गाउँपालिका भरीबाट एक आर्थिक वर्षमा बढीमा ५ जनालाई उत्कृष्ट उद्यमीहरुलाई सम्मान गरिने छ ।

५. **पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता :** (१) उद्यमीले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ :

(क) स्थानीय तहमा स्थायी बसोबास भई स्थानीय तहको सम्बन्धित वडामा उद्यम गरिरहेको नेपाली नागरिक,

(ख) उद्यमी स्वयम् आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,

(ग) विगत दुई बर्ष देखि निरन्तर रुपमा उद्यम गरिरहेको,

(घ) नियमित रुपमा सरकारलाई तिर्नु पर्ने कर बुझाईएको र नियम अनुसार आफ्नो व्यवसायको लेखा परिक्षण गरेको,

(ङ) पछिल्लो तीन बर्षमा कुनैपनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको,

६. **सूचना प्रकाशन :** (१) कार्यालयले उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न ईच्छुक उद्यमीका लागि ७ (सात) वा १५ (पन्ध्र) दिनको सार्वजनिक सुचना प्रकाशन/प्रसारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना अन्तर्गत उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ :

(क) अनुसूची - २ बमोजिमको आवेदन,

(ख) नागरिता प्रमाण पत्रको छायाँकपी,

(ग) उद्योग दर्ता/नविकरण प्रमाणपत्रको छायाँकपी,

(घ) पछिल्लो बर्षको कर चुक्ता प्रमाणपत्रको छायाँकपी,

(ङ) पछिल्लो बर्षको लेखापरिक्षण प्रतिवेदन,

(च) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,

(छ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

(च) दफा ५ (ङ) बमोजिमको स्वघोषणा पत्र ।

७. **छनौट तथा सिफारिस समिति :** (१) उत्कृष्ट उद्यमी छनौट गरी कार्यालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ :

(क) स्थानीय तहको आर्थिक विकास समिति - संयोजक

(ख) स्थानीय तह अन्तर्गत कृषि सेवा शाखा प्रमुख - सदस्य

(ग) दफा २ ख बमोजिमको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) स्थानीय तह अन्तर्गत पशु सेवा शाखा प्रमुख - सदस्य

(ङ) स्थानीय तह अन्तर्गत सहकारी शाखा प्रमुख - सदस्य

(च) दफा २ (ङ) बमोजिमको उद्योग/उद्यम विकास शाखा - सदस्य सचिव

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य सचिवले बोलाउनेछ ।

(३) छनौट समितिले पेश आवश्यकता अनुसार सम्बन्धित उद्यमको स्थालगत अनुगमन समेत गर्न सक्नेछ।

(४) छनौट समितिले पेश गरेका आवेदन र संलग्न कागजातका आधारमा अनुसूची - १ बमोजिम मूल्याङ्कन गरी कार्यालय समक्ष सिफारिस गर्नु गर्नेछ।

८. **सम्मान/प्रशंसाको राशी :** (१) सम्मान/प्रशंसाको राँशी सो आ.ब. मा विनियोजन बजेटको अधिनमा रही छनौट तथा सिफारिक समितिको निर्णय अनुसार वा आवश्यक्ता पहिचान गरि मेशिन/औजार/उपकरणहरु प्रदान गरिनेछ ।

(२) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कार वा मेशिन/औजार/उपकरणसहित अनुसूची - ३ बमोजिमको सम्मान-पत्र प्रदान गरिनेछ ।

९. **कार्यविधि संशोधन गर्न सक्ने** : स्थानीय तह/कार्यालयले आवश्यकता अनुसार यो कार्यविधि कार्यपालिकाको निर्णयबाट संशोधन गर्न सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा स्थानीय तह वा कार्यालयले कार्यापालिकाको निर्णयबाट बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

Sunchhahari Rural Municipality
२०७३
पोबाङ, रोल्पा

## अनुसूची - १
## (दफा ४ र दफा ५ सँग सम्बन्धित)
### मूल्याङ्कनका आधारहरु

| क्र.स. | छनौटको आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | विगत दुई बर्षभित्र प्रदान गरेको रोजगारी संख्या | ५ | (क) ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए : -५ अंक<br>(ख) ३ देखि ४ जना लाई रोजगारी दिएको भए - ३ अंक<br>(ग) १ देखि २ जनालाई रोजगारी दिएको भए २ अंक |
| २ | स्थनीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | २५ | (क) स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए २५ अंक<br>(ख) स्थानीय र बाह्य दुबै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए २० अंक<br>(ग) बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी सञ्चालन भएको भए १५ अंक |
| ३ | श्रमिकको (१) सामाजिक सुरक्षा, (२) व्यवसायजन्य सुरक्षा र स्वाथ्य, (३) कार्यास्थल सुरक्षा तथा कार्यवातावरण | ३ | (क) तीवटै शर्त पुरा भएको अवस्थामा ३ अंक<br>(ख) कुनै २ वटा शर्त पुरा भएको अवस्थामा २ अंक<br>(ग) कुनै १ वटा मात्र शर्त पुरा गरेको अवस्थामा १ अंक |
| ४ | लक्षित वर्ग समूह | १४ | द्धन्द पिडित, दलित, आदिवासी जानजाती, सीमान्तकृत, महिला, अपाङ्गता भएका उद्यमी भए १४ अंक, अन्य भए १० अंक |
| ५ | उत्पादित बस्तु तथा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ | ३ | (क) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङ भएमा ३ अंक<br>(ख) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै २ (दुई) मात्र भएमा २ अंक<br>(ग) उत्पादित बस्तु तथा सेवा सामाग्रीको भण्डारण, प्याकेजिङ र लेवलिङमध्ये कुनै १ (एक) मात्र भएमा १ अंक |
| | जम्मा अंक | ५० | |

पुनश्य : मूल्याङ्कन समितिले उल्लेखित आधारमा मूल्याङ्कन गरी कम्तिमा ३० अंक प्राप्त गरेका उद्यमीलाई सम्मान/प्रशंसाका लागि सिफारिस गर्नेछ ।

## अनुसूची -२

## (दफा ६ को उपदफा (२)को (१) सँग सम्बन्धित)

## पेश गर्नुपर्ने विवरणको ढाँचा

१. उद्यमीको नामः ..... ... ... ... ..... ... ... ... .... ... .... ... ... ... ... ... .. .. .... .. ... ... ... ... ..

२. व्यवसाय/उद्यमशीलताको नामः ..... ... ... ... ..... ... ... ... .... ... .... ... ... ... ... ... .. .. .... .. ... ... ... ... ..

३. कार्य प्रकृतिः ..... ... ... ... ..... ... ... ... .... ... .... ... ... ... ... ... .. .. .... .. ... ... ... ... ..

४. ठेगानाः .......... जिल्ला ............................... गाउँपालिका ..... ... ... वडा ..... ... ...... टोल

५. कार्यरत/व्यवसाय स्थापना मितिः .................... ...................

६. सम्पर्क नम्बरः .........................

७. विगत दुई बर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने): ..... ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ...

८. उच्चयमशिलतामा स्थानीय र बाह्य स्रोतसाधन प्रयोगको अवस्था (स्थानीय र बाह्य स्रोतको विवरण बुँदागत रुपमा खुलाउने): ..... ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... .......... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... .....

९. श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यस्थल सुरक्षा तथा कार्यवातावरणका बारेमा खुलाउने।

..... ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ...

१०. लक्षित वर्ग समूह (भए खुलाउने): ... ... ... ..... ........ ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... .....

११. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका बस्तुहरुको भण्डारण, प्याकेजिङ र लेवलिङ सम्बन्धी विवरणः

... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........

१२. समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः

... ... ... ... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ...... ... ... ..... .......... ..... ........

१३. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

(क) ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ..... ........ ... ... ... ....... ... ...... ... ... ..... ........ ... ... ... .....

(ख) ... ... ... ..... ........ ... ... ... ..... .. ... ... ... ..... ........ ... ... ... ..... ........ ... ...... ... ... ..... ........ ... ... ... .....

१४. अन्य कुरा केही भए खुलाउने ।

... ... ... ..... ........ ... ... ... ...... ... ... ... ..... ........ ... ... ... ..... ........ ... ...... ... ... ..... ........ ... ... ... ..... ...........................................................................................................

**१५. संलग्न हुनुपर्ने कागजातहरुः**

(क) नागरिकता प्रमाणपत्रको छायाँकपी,

(ग) उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको छायाँकपी,

(घ) पछिल्लो बर्षको करचुक्ता प्रमाणपत्रको छायाँकपी,

(ङ) पछिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन,

(च) PAN/VAT दर्ता प्रमाणपत्रको छायाँकपी,

(छ) लक्षित वर्ग समूह खुल्ने निस्सा,

(ज) पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणा।

<u>सहिछाँप</u>

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>निवेदक</u>

हस्ताक्षर :-

नाम :-

पद :-

उद्योग/फर्मको नाम :-

ठेगाना :-

सम्पर्क नं.:-

अनुसूची - ३

**(दफा ८ को (२) सँग सम्बन्धित)**

**प्रमाण पत्र/प्रशंसा पत्रको ढाँचा**

प्रमाण/प्रशंसा पत्र नं.

**सुनछहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पोबाङ, रोल्पा**

लुम्बिनी प्रदेश,नेपाल

## सम्मान/प्रशंसा-पत्र

श्री ................................. ज्यू,

.........................................................

तपाईले सञ्चालन गर्नुभएको ........................................................................... फर्म/उद्योगमार्फत रोजगारीको सिर्जना तथा मुलुकको आर्थिक उन्नतिमा पुर्याउनु भएको अतुलनीय योगदानको कदर गर्दै यो उत्कृष्ठ उद्यमी सम्मान कार्यक्रम कार्यविधि, २०८२ बमोजिम सम्मान तथा प्रशंसा पत्र प्रदान गरिएको छ । भविष्यमा उद्यमशिलता एवम् रोजगारीका माध्यमबाट मुलुकको आर्थिक उन्नतीमा गर्नु भएको योगदानलाई निरन्तरता दिनुहुनेछ भन्ने अपेक्षाकृत छौं।

**गाउँपालिका परिवार यहाँको उज्वल भविष्यको कामना गर्दछ ।**

**मिति :..................**

| | | |
|---|---|---|
| ........................ | .................................... | ......................... |
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | गा.पा.अध्यक्ष |

आज्ञाले,
प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत